समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/११/२७ बैठक संख्याः ३९

बैठक प्रारम्भ समयः विहानको ८:३० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ को लागि विनियोजित रकम, गत बर्षको दायित्व भुक्तानीको सन्दर्भमा हालसम्म आर्थिक प्रशासन शाखाबाट भएको खर्च सम्बन्धी बिषयक्षेत्रगत बीलभर्पाईको अध्ययन/निरीक्षण गरी नगरप्रमुखज्यू समक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिम छानविन समिति गठन गर्ने तथा उक्त छानविन समितले अध्ययन/निरीक्षण गरी २०८० चैत्र १५ गतेभित्र नगरप्रमुखज्यू समक्ष प्रतिवेदन पेश गर्नुपर्ने साथै अध्ययन/ निरीक्षणको क्रममा देखिएका बिषयवस्तुहरुको गोपनियता कायम राख्नुपर्ने ।

**देहाय :**

संयोजक - श्री विमलराज गौतम, वडाध्यक्ष तथा कार्यपालिका सदस्य

सदस्य - श्री अर्जुन तामाङ, वडाध्यक्ष तथा कार्यपालिका सदस्य

सदस्य - श्री इन्द्र गिरी, नगरप्रमुखज्यूको प्रेस सल्लाहकार

२. खाँदबारी नगरपालिकाको आ. व. २०७९/८० सञ्चालित खाँदबारी नगरपालिका वडा नं. ९ स्थित खाँदबारी नगरपालिका प्रवेशद्वार स्वागतद्वार निर्माण योजनाको सम्झौता अवधि समाप्त भईसकेको तथा म्यादभित्र विविध कारणले कार्यसम्पन्न हुन नसकेको हुँदा उक्त योजनाको म्याद २०८१ असार १५ गतेसम्म थप गरी कार्यसम्पन्न गर्ने/गराउने ।

३. निम्नानुसार निवेदकहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता प्रदान गर्ने ।

**देहायः**

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | समस्या | श्रोत |
|---|---|---|---|---|---|
| १. | अर्जुन बजगाँई | खाँदबारी - ८ | २०,०००।- | विपद्, आगलागी | आर्थिक सहायता |
| २. | मनोज दर्जी | खाँदबारी - ३ | २०,०००।- | विपद्, आगलागी | आर्थिक सहायता |
| ३. | लिला दाहाल | खाँदबारी - १० | २०,०००।- | उपचार | आर्थिक सहायता |

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्मल कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत